# १३ क्रुसमा टाँगिनुभएको र पुनरुत्थान हुनुभएको येशू

***यस अध्यायका मूल पदहरू:*** मत्ती २७:११-२६, यूहन्ना ३:१९, यशैया ५९:२, मत्ती २७:४५,४६,४९-५४, हिब्रू ८:१-६ र मत्ती २८:१-२०।

***यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:*** "हेर, स्वर्ग र पृथ्वीको सारा अधिकार मलाई सुम्पिएको छ।

बिलायतको एउटा अखबारमा एउटा अनुरोध छापिएको थियो। त्यसमा वैज्ञानिक प्रयोगशालाको निम्ति कसैले आफ्नो शरिर दान दिन्छ कि भनेर छापिएको थियो। इजिप्ट तथा मिश्र देशमा उत्खनन गरेका मूर्दा वा कपडाले बेरेका फारोह राजाहरूका मम्मीहरूका रहस्यहरू वैज्ञानिकले युगौंदेखि अध्ययन गरिरहेका थिए भनेर भनिन्छ। र अब कोही वैज्ञानिकहरू कोही मर्न लागेको स्वंयसेवकको खोजमा थिए जो मरेपछि आफ्नो शरिरलाई दान दिउन्। इजिप्तका प्राचिन मूर्दाहरू वा मम्मीहरू हजारौं वर्षसम्म जस्ताको त्यस्तै किन भएर बसेका छन् भन्ने रहस्य तिनीहरूले पत्ता लगाए भनेर दावी गरेका थिए। तिनीहरूले यो दावी गरेकि कोहीले आफ्नो शरिर मरेपछि दान दिए भने त्यो शरिर सयौं र हजारौं वर्षसम्म जस्ताको त्यस्तै भएर बस्नेछ। त्यसलाई नकुहिनबाट सुरक्षित राखिनेछ। यो खबर देहायको वेभसाइटमा तपाईंले हेर्न सक्नुहुनेछः

"—(www.independent.co.uk/news/science/now-you-can-be-mummified-just-like-the-egyptians-1863896.html)।

प्रभु येशूलाई विश्वास गरेको कारण हामीहरूको शरिरलाई मरेपछि कसैले सुरक्षित राख्नुपर्छ भनेर चिन्ता गर्नु आवश्यक छैन। दुई उल्लेखनीय घट्नाहरूको आधारमा परमेश्वरले वैज्ञानिकहरूको आश्वासनभन्दा अझ बढि असल कुरा दिन प्रतिज्ञा गर्नुभएको छ। प्रथमतः हामीहरूको पापको मोल तिर्न येशूको मृत्यु भएको थियो र दोस्रोमा उहाँको पुनरुत्थान् जुन सुत्नेहरूको प्रथम् अगौटे फल हुनुभएको थियो (१ कोरन्थी १५:२०)। ती दुई घट्नाहरूले गर्दा बाइबलको समयका फारो राजाहरूको मुर्दालाई सुरक्षित राखेको जस्तो हामीहरू मरेपछि सुरक्षित राख्न वा नकुहाउन आवश्यक छैन। (हामीहरूले छापमा देखेका ती मम्मीहरू वा कसैले प्रतक्ष्यरूमा देखेतापनि तिनीहरू त्यस्तो आकर्षत

नभएको पाइन्छ)। बरू हामीहरूको शरिर शुद्ध र स्वस्थ भएर पुनरुत्थान हुनेछ जुन सदाको निम्ति अमरत्व प्राप्त गरेर जिइरहनेछ।

यस अध्यायमा मत्तीको पुस्तकको अन्तिम अध्याय अध्ययन गर्नेछौं। येशूको सदासर्वदा सत्यहरू जुन् उहाँको मृत्यु र पुनरुत्थानको बारेमा हेर्नेछौं। ती दुई घट्नाहरूले हामीहरूलाई कस्तो आशा दिँछ भनेर पनि केलाउनेछौं।

## १. येशूलाई चुन्ने कि बरब्बासलाई? (मत्ती २७:११-२६)

येशूलाई क्रुसमा झुन्डयाउने कि छोड्ने र उहाँको बदलामा खुँखार हत्यारा र डाँका बरब्बासलाई छोड्ने भनेर सारा मानिसहरूलाई निर्णय गर्न अधिकार दिएको थियो। तर ती मानिसहरूले कसलाई चुने त्यसको गहिरो अर्थ के छ भनेर सोच्नु आवश्यक देखिन्छ। हेर्नुहोस, मत्ती २७:११-२६ "११ येशू रोमी बडा-हाकिमको अघि उभिनुभएपछि हाकिमले उहाँलाई सोधे, "के तिमी यहूदीहरूका राजा हौ?" येशूले जवाफ दिनुभयो, "त्यो त तपाईं आफैंले भन्दै हुनुहुन्छ।" १२ मुख्य पूजाहारी र अरू अगुवाहरूले येशूलाई धेरै दोष लगाउन थाले। तर जतिसुकै दोष लगाए तापनि उहाँले केही पनि भन्नुभएन। १३ यसकारण पिलातसले उहाँलाई भने, "तिनीहरूले यतिका दोषहरू लगाएको तिमी सुन्दैनौ?" १४ तर येशूले एउटै कुराको पनि जवाफ दिनुभएन। यो देखेर बडा-हाकिमलाई साह्रै अचम्म लाग्यो।

१५ निस्तार चाडको बेलामा बडा-हाकिमले मानिसहरूले रोजेको एक जना कैदीलाई छोड्ने गरेका थिए। १६ त्यस बेला बारब्बा नाउँ गरेको एक जना डरलाग्दो मानिस झ्यालखानमा थियो। १७ अनि पिलातसले जम्मा भएका मानिसहरूलाई सोधे, "लौ भन, म कसलाई छोडिदिऊँ? बारब्बालाई कि ख्रीष्ट भन्ने येशूलाई?" १८ किनभने तिनीहरूले येशूलाई डाह गरेर सुम्पन ल्याएका हुन् भन्ने कुरा बडा-हाकिमलाई थाहा थियो। १९ पिलातस न्याय आसनमा बसेका थिए। त्यसै बेला उनकी श्रीमतीले उनलाई यसो भनेर खबर पठाइन्, "ती धर्मात्मा मानिसलाई केही पनि नगर्नुहोला किनभने आज राती मैले उनको बारेमा सपना देखेर धेरै दुःख पाएकी छु।" २० तर मुख्य पूजाहारी र अरू अगुवाहरूले चाहिँ मानिसहरूको धुइरोलाई सुऱ्याएर यसो भन्न लगाए, "येशूलाई मार्नुहोस्, बारब्बालाई चाहिँ छोडिदिनुहोस्।" २१ बडा-हाकिमले फेरि सोधे, "साँच्चै भन, कसलाई छोडिदिऊँ?" तिनीहरूले "बारब्बालाई नै छोडिदिनुहोस्," भनेर कराए। २२ अनि पिलातसले तिनीहरूलाई फेरि सोधे, "त्यसो भए ख्रीष्ट भन्ने येशूलाई चाहिँ म के गरूँ त?" "त्यसलाई क्रूसमा झुण्डयाइयोस्!" तिनीहरू

सबैले कराएर भने। २३ पिलातसले सोधे, "यिनले के अपराध गरेका छन् र?" तर तिनीहरूले झन् चिच्च्याएर भने, "त्यसलाई क्रूसमै झुण्ड्याइयोस्!" २४ पिलातसलाई अब केही सीप नलाग्लाजस्तो भयो। अब त गोल-माल मच्चिएला भन्ने ठानेर उनले सबैको अगाडि हात धुँदै भने, "हेर, यी मानिसलाई मारेको दोष मलाई होइन, तर तिमीहरूलाई नै लागोस्।" २५ "हुन्छ-हुन्छ, यसलाई मारेको दोष हामी र हाम्रै छोरा-छोरीमाथि नै परोस्!" तिनीहरूले कराउँदै भने। २६ तब पिलातसले बारब्बालाई छोडिदिए। येशूलाईचाहिँ उनले कोर्रा लगाएर क्रूसमा झुण्ड्याउन सिपाहीहरूलाई जिम्मा लगाए।"

**बरब्बा हत्यारा थियो जो कि दुई जना अपराधीहरूको बीचमा उसलाई क्रुसमा टाँगिनुपर्थ्यो। दुईतिर भएका अपराधीहरू उसका सहयोगीहरू भएको हुनसक्छ। बरब्बा भन्ने नाउँ उसको पहिलो नाउँ थिएन बरू अन्तिम थियो। बरको अर्थ "फलानोको छोरा" हो जसरी सिमोन बार योनाको अर्थ योनाको छोरा वा बर्थोलोमियोको अर्थ "टोलोमियोको छोरा" हो। बरब्बाको अर्थ "आबाको छोरा" वा "बाबुको छोरा"। बरब्बाको पहिलो नाउँ यशूवा वा येशू थियो भनेर धेरै अगाडिका लेखहरूमा पाइन्छ। त्यसबेला यशूवा (Yeshua) भन्ने नाउँ लोकप्रिय थियो। त्यसको अर्थ "यहोवे परमेश्वरले उद्धार गर्नुहुन्छ" हो। त्यसकारण बरब्बाको नाउँमा "यहोवेले बचाउनुहुन्छ, बाबुको छोरा" आदरणीय शब्दहरू थिए। तर आमाबाबुको सदिच्छा अनुसार नचल्दा बरब्बाको गति कस्तो भयो र उसको नाउँ अनुसार उसको चरित्र नहुँदा कस्तो अनौठो रूप लियो भन्ने कुरा सोचनिय छ।**

**"यो बरब्बा आफू मसीह वा उद्धारकर्ता हुँ भनेर दावी गरेको थियो। संसार गलत दिशातिर गइरहेकोले त्यसलाई ठिक ठाउँमा ल्याउन उसलाई अधिकार भएको उसले दावी गरेको थियो। शैतानको प्रभावमा परेर उसले जसलाई पनि आतङ्कित पारेर चोरेर र डकैती गरेर लिने अधिकार आफूमा भएको उसले दावी गरेको थियो। शैतानको प्रभावमा परेर उसले गजबका कामहरू गरेको थियो। उसको भाषणले मख्ख पारेर धेरै मानिसहरू उसको भक्त हुन पुगेका थिए। रोमी सरकारको बिरुद्ध युद्ध छेड्न मानिसहरूलाई उसले उक्साएको थियो। धर्मको खोल ओढेर र धर्मको नाउँमा मानिसहरूलाई जोशिलो पारेर चल्दा ऊ कठोर अपराधी हुनपुगेको थियो। बिद्रोह र क्रुर बन्ने बाटो उसले अपनाएको थियो। रोमी बडा हाकिमले बरब्बालाई चुन्ने हो कि निर्दोष उद्धारकर्ता येशूलाई क्रुसमा टाँग्ने भन्ने निर्णय आफूले नगरि सारा भिँडलाई**

दिइएको थियो। जनलहरमा कमसेकम केही न्यायको आभास् होला भनेर पिलातसले ठानेका थिए। पुजारी र यहूदी धर्मका शासकहरूले येशूको बिरुद्धमा गएको हुँदा कमसेकम जनताले येशूप्रति सहानुभूति पाउँछ होला भनेर त्यस बडा हाकिमले आशा गरेका थिए।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ७३३बाट रूपान्तरित।

पिलातस गलत थियो। यदि मानिसहरू पवित्र आत्माले नडोऱ्याएको भए तिनीहरूले गलत आत्मिक निर्णय गर्थे जस्तो यहाँ उत्तेजित भिँडले गरेको पाइन्छ। अन्तमा हामी सबैले ख्रीष्टलाई कि बरब्बालाई चुन्नै पर्छ। ख्रीष्ट कि दुष्ट पतित संसार, जीवन र मृत्युको बीचमा सबैले रोज्नैपर्छ। "१९ न्याय यसरी हुन्छ। उज्यालोचाहिँ संसारमा आएको छ अनि मानिसहरूका काम दुष्ट भएको हुनाले तिनीहरूले उज्यालोलाई भन्दा अँध्यारोलाई मन पराउँछन् २० किनभने दुष्ट काम गर्ने सबैले उज्यालोलाई घृणा गर्छन्। उज्यालोमा तिनीहरूले गरेका कामहरू देखिन्छन् भन्ने डरले तिनीहरू उज्यालोमा आउँदैनन्। २१ तर सत्य कुरा मान्ने मानिसचाहिँ उज्यालोमा आउँछ र यसरी उसको काम परमेश्वरमा गरिएको हो भन्ने कुरा छर्लङ्ग देखिन्छ।" यूहन्ना ३:१९-२१।

मानिसहरू उज्यालो वा आत्मिक ज्योति भन्दा अन्धकारलाई किन मन पराउँछन्? तपाईं आफैको बारेमा के भन्नुहुन्छ? के तपाईं लुकिछिपी अरूलाई खसाल्ने काम गर्न रुचाउनुहुन्छ? यदि रुचाउनुहुन्छ भने हामीहरूको पापी स्वभाव कस्तो छ भनेर त्यसले कसरी देखाउँछ? हामीहरूको जीवन प्रभु येशूमा पूर्णरूपमा समर्पण गर्नुपर्ने रहेछ भनेर त्यसले हामीलाई झन कसरी बताउँछ?

## २. हामीहरूको सट्टामा क्रुसमा टाँगिनुहुने येशू (मत्ती २७:४५,४६)

"४५ दिउँसो बाह्र बजेदेखि तीन बजेसम्म देशभरि नै अँध्यारो भइरह्यो। ४६ तीन बजेतिर येशूले ठूलो सोर निकालेर भन्नुभयो, "इलोई-इलोई लामा सबखथनी?" यसको अर्थ हो, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, मलाई किन त्याग्नुभयो?" ४७ येशू यसरी कराउनुभएको सुनेर त्यहाँ उभिनेहरूमध्ये कसै कसैले भने, "यो मानिसले त एलियालाई पो बोलाउँदो रहेछ!" मत्ती २७:४५-४७। येशूको त्यस चित्कारको अर्थ के हो? मुक्तिको योजनाको परिप्रेक्ष्यमा त्यसलाई हामीले कसरी अर्थ लगाउने?

बाइबलका विद्वानहरूको अनुसार मत्तीले लेखेका त्यो चित्कारलाई त्यागको चित्कार भनेर व्याख्या गरिएको छ। अत्यन्त आवश्यक परेको बेलामा एक्लै छोडिएको अनुभव गरिनु हो। त्यसबखत येशूले आफ्नो पिताले उहाँलाई

एक्लै छोडिएको आभास् पाउनुभएको देखिन्छ। जुन् अन्धकारले त्यस यरुशलेममा छाइयो त्यसले पापको बिरुद्धमा परमेश्वरले गर्नुभएको न्याय देखाउँछ (यशैया १३:९-१६, आमोस ५:१८-२०, यर्मिया १३:१६)। पापको भयानक परिणाम त्यस बखत येशूले अनुभव गरिरहनुभएको थियो। परमेश्वर पिताबाट आफू पूरै अलग भएको उहाँले अनुभव गर्नुभएको थियो। हामीहरूको खातिर येशूले परमेश्वरको सजायँ भोग्नुभएको थियो, पापको बिरुद्धमा गरिने न्याय उहाँले सहनुभएको थियो जुन् हामीले हामीहरूको थाप्लोमा पर्नुपर्ने थियो। "२८ त्यसरी नै धेरै जनाको पाप मेट्न ख्रीष्टको पनि एकपल्ट बलिदान भयो। उहाँ दोस्रो पटक पनि आउनुहुन्छ। त्यस पटक त उहाँ पाप मेट्न होइन तर उहाँको बाटो हेरेर बस्नेहरूलाई बचाउन आउनुहुनेछ।" हिब्रू ९:२८ र "२१ ख्रीष्टमा पापै थिएन, तैपनि परमेश्वरले ख्रीष्टमा हामीलाई आफ्नो अघि ठीक ठहराउन ख्रीष्टमाथि नै हाम्रो पाप थुपार्नुभयो।" २ कोरन्थी ५:२१। येशूले क्रूसमा भजन २२:१ अनुभव गरिरहनुभएको थियो जो मानव जीवनको अनुभव थियो "१ हे मेरा परमेश्वर! हे मेरा परमेश्वर! तपाईंले मलाई किन त्याग्नुभयो?

मैले सहायताको लागि धेरै पुकारा गरेको छु, तर अझै पनि सहायता पाएको छैन।" त्यो त्यागिएको अनुभव पापले गर्दा भएको थियो। "तर तिमीहरूका पापले गर्दा उहाँको मुहार तिमीहरूदेखि छेकिएको छ र उहाँले तिमीहरूको बिन्ती सुन्नुहुन्न। परमेश्वरबाट तिमीहरूलाई अलग गर्ने तिमीहरूकै पाप हो।" यशैया ५९:२। यहाँ के भयो र त्यसको अर्थ के हो भनेर राम्रोसँग बुझ्नु जरुरी छ। पापले गर्दा ल्याउने परमेश्वरको पूरा सजायँ येशूले ग्रहण गर्नुभएको थियो। हामीहरूले पाउनुपर्ने पापको दण्ड उहाँमाथि बज्रिएको थियो। त्यसकारण हामीहरूको दोष र पापको गन्हौं भारी उहाँमा पर्दा उहाँको हृदयमा ठूलो पिडा र आतङ्कले भरेको थियो। पाप यस्तो खराब थियो कि त्यसलाई निर्मूल गर्न त्रीएक परमेश्वरको एक सदस्यले त्यसको दोषको निम्ति सहनुपऱ्यो र सजायँ भोग्नुपऱ्यो जसले गर्दा हामीहरू पापबाट क्षमा पाउन्।

त्यस भयानक र आततायी क्षणमा पनि येशूले "मेरा प्रभु, मेरा प्रभु" भनेर चिच्याउन सक्नुभएको थियो। येशूले जुनसुकै निर्मम यातना सहनुपरेतापनि उहाँको विश्वास अटल थियो। उहाँ अन्तसम्मै परमेश्वरप्रति बफादार भएर बसे। परमेश्वर पिताबाट आफू जस्तोसुकै अलगिएको अनुभव गर्नुपरेतापनि उहाँले पिताप्रतिको निष्ठालाई धलमल्याउनुभएन।

पापले गर्दा परमेश्‍वरबाट अलग हुनुभनेको कस्तो होला? ख्रीष्टको धार्मिकतालाई हामीले दावी गरेमात्र उहाँमा रहनसक्नु किन हुनगएको छ? त्यो दावीमा पश्‍चाताप, पापको स्वीकार र पाप नगर्ने निर्णय किन समाबेश हुनुपर्छ?

## ३. च्यातिएको पर्दा र उघारिएको चिहान (मत्ती २७:४९-५४)

**मत्ती, मर्कूस, लूका र यूहन्नाले येशूको कथा आआफ्नै दृष्टिकोणले प्रस्तुत गरेका छन्। तर एउटा साझा बिषयवस्तुमा सबैको एक मत भएको पाइन्छ, त्यो हो सबैले उहाँको मृत्युलाई दृष्टिगत गरेका थिए। तर मत्तीले मात्र मन्दिरको पर्दा च्यातिएको र चिहानहरू खुला भएको उल्लेख गर्दछन्।**

मत्ती २७:४८-५४मा लेखिएको घट्नाहरूको अर्थ के हो र त्यसले हामीलाई कुन् आशामा औंल्याउँछ? हेर्नुहोस्, “४८ एक जनाचाहिँ दगुर्दै गएर सिर्कामा झुम्रो चोपेर ल्यायो र त्यो झुम्रो निगालोको टुप्पामा अड्काएर येशूलाई पिउन दियो। ४९ तर अरूहरूले भने, “पर्ख, पर्ख, कतै एलिया आएर यसलाई बचाउँछन् कि, हेरौं!” ५० तर त्यति नै बेला येशूले फेरि एकपल्ट ठूलो सोरले कराएर आफ्नो प्राण त्याग्नुभयो। ५१ तब हेर, त्यही समयमा मन्दिरभित्र टाँगिएको पर्दा माथिदेखि तलसम्मै दुई भाग भएर च्यातियो। भूइँचालो गयो, पहराहरू फुटे, ५२ चिहानहरू उघ्रिए र मरिसकेका परमेश्‍वरका धेरै जनहरू बिउँते। ५३ येशू मरेकोबाट बिउँतनुभएपछि तिनीहरू आ-आफ्ना चिहानबाट निस्केर पवित्र सहरमा पसे र धेरै मानिसहरूकहाँ देखा परे। ५४ भूइँचालो गएको र त्यहाँ भएका सबै थोक देखेर येशूलाई कुरेर बसेका सिपाहीहरू र तिनीहरूका कप्तान ज्यादै डराए। अनि तिनीहरूले भने, “साँच्चै यिनी त परमेश्‍वरकै पुत्र रहेछन्।” **यलियाले आएर येशूलाई बचाउनुहुनेछ भनेर उत्तेजित भिँडले उहाँलाई जिस्क्याएपछि उहाँको मृत्यु हुन्छ। तिनीहरूले उहाँप्रति खिसी उडाएको अर्को प्रभावकारी तर धेरै जसो आफ्नै मानिसहरूले उहाँलाई नबुझेको उदाहरण हो।**

**मन्दिरको पर्दा माथिदेखि तलसम्म च्यातिएको मत्तीले उल्लेख गर्दछन्। त्यसको अर्थ स्पष्ट छ। मुक्तिको इतिहासमा नयाँ आयाम वा काल थप्न सुरूभएको देखाइएको थियो। येशूलाई औंल्याउने पशुबलिप्रथा अब आवश्यक नभएको त्यसले देखाएको थियो। पृथ्वीको पुरानो मन्दिर अब त्यो भन्दा अझ असलले ठाउँ लिइसकेको थियो।**

यस पृथ्वीमा भएको पवित्र स्थान वा मन्दिरलाई के भयो र त्यसलाई के ले साटिएको छ भनेर हिब्रू ८:१-८ले कसरी बताउँछ? हेर्नुहोस् “१ हामीले

भनेका मुख्य कुरा पनि यिनै हुन्, हाम्रा यस्ता प्रधान पूजाहारी हुनुहुन्छ, जो स्वर्गमा परमेश्वरको सिंहासनको दाहिनेपट्टि बस्नुभएको छ। २ उहाँले महापवित्र स्थानमा प्रधान पूजाहारी भएर सेवा गर्नुहुन्छ। यो महापवित्र स्थानचाहिँ मानिसले होइन तर परमेश्वरले टाँग्नुभएको साँचो पाल हो। ३ सबै प्रधान पूजाहारीहरू परमेश्वरलाई दिएको भेटी र पशुबलि चढाउन खटिएका हुन्छन्। यसकारण हाम्रो प्रधान पूजाहारीले पनि केही कुरा त चढाउनैपर्‍यो। ४ उहाँ यस पृथ्वीमा नै हुनुभएको भए पूजाहारी बन्नुहुने थिएन किनभने व्यवस्थाले भनेझैं भेटी चढाउने पूजाहारीहरू त यहाँ अघिदेखि नै छँदैछन्। ५ तिनीहरूले गर्ने काम स्वर्गमा भएको साँचो कुराको नकल र छायाँ मात्र हो। मोशालाई पनि यस्तै गर्न अह्राइएको थियो, जसले पवित्र पाल बनाउन लाग्दा परमेश्वरले उनलाई यसो भन्नुभएको थियो, "हेर, तिमीलाई पहाडमा देखाइएको नमुनाजस्तै सबै कुरा बनाउनू।" ६ येशूलाई दिइएको पूजाहारीको काम ती अरू प्रधान पूजाहारीको कामभन्दा अझ ठूलो छ। त्यसरी नै परमेश्वर र उहाँका मानिसहरूबीच येशूले बाँध्नुभएको नयाँ करार पनि पहिले गरिएको पुरानो करारभन्दा ठूलो हो कारण यो करारमा अझ राम्रा कुराहरूको प्रतिज्ञा छ। ७ पहिलो करार अपूरो नहुँदो हो त दोस्रो करार बाँध्नु नै पर्नेथिएन। ८ तर परमेश्वरले आफ्ना मानिसहरूमा दोष भेट्टाउनुभयो अनि भन्नुभयो, "ती दिनहरू आउँदै छन्, परमप्रभु भन्नुहुन्छ, जब म इस्राएल र यहूदाका घरानासँग नयाँ करार बाँध्नेछु।"

**पर्दा च्यातिएको, पत्थरहरू फुटेको, चिहानहरू उघ्रेको र केही मरेकाहरू बौरि उठेको विवरण मत्तीले लेख्दछ। हामीहरूको निम्ति वा हामीहरूको सट्टामा येशू मर्नुभएकै कारणले ती घट्नाहरू भएको हुनसक्छ। मन्दिरमा हुने पुरानो प्रणालीमा कहिलै पनि नभएको अहिले भइरहेको मत्तीले देखेका थिए। "बोका र साँढेहरूको बलिले पापहरू लान्छ भन्नु असम्भव हो।" (हिब्रू १९:४ रूपान्तरित)। येशूलेमात्र हामीहरूको पाप लैजान सक्नुहुन्थ्यो। हामीहरूको पापलाई हटाउनेछ भन्ने महान् प्रतिज्ञाको मृत्युबाट पुनरुत्थान हुँदा पूरा हुनेछ। त्यो प्रतिज्ञाबिना हामीहरू बेकारको हुनेछौं (१ कोरन्थी १५:१३,१४,१९)। त्यसबेलाभएको पुनरुत्थानमा यस संसारको अन्तको समयमा हुने पुनरुत्थानको आशा र प्रतिज्ञालाई प्रमाणित गर्दछ।**

## ४. बौरि उठ्नुभएको ख्रीष्ट (मत्ती २८:१-१५)

इसाई आस्था क्रुस र रित्तो चिहानमा केन्द्रित भएको छ। संसारका प्रायजसो सबै मानिसहरूले चाहै ती गैर-इसाई नै किन नहोस् नाजरथको येशू नाउँ भएको व्यक्ति क्रुसमा मर्नुभएको थियो भनेर बिश्वास गर्दछन्। उहाँको मृत्युभएको केही वर्षपछि रोमी इतिहासकार टासिटसले ऐतिहासिक प्रमाण जुटाएर यो लेख्दछन् "शान्तसँग विश्वास गर्न चाहने समूहलाई सम्राट् निरोले अत्यन्त भयानक दुःखकष्ट दिएका थिए। त्यो समूहलाई मानिसहरूले इसाई वा क्रिश्चियन भनेर सम्बोधन गर्दछन्। सम्राट टिबिरियसको शासनकालमा सुरूदेखिनै नाउँ भएको ख्रीष्टले अत्यन्त भयानक सजायँ भोगेका थिए। उहाँले त्यो दुःख पोन्टियस पिलातुस भन्ने हाम्रो एक जना बडा हाकिमको हातबाट पाएका थिए।"-टासिटस, ई. सन्. ५७-११७बाट रूपान्तरित।( *www.causeofjesusdeath.com/jesus-in-secular-history)* ।

ऐतिहासिक व्यक्तित्व येशूलाई मारिएको थियो र क्रुसमा टाँगिएको थियो भन्ने मामिलामा कमै बिबाद छ।

तर शुक्रबारको दिन मर्नुभएको येशू आइतबारको दिन बौरि उठ्नुभयो भनेर बिश्वास गर्न कतिलाई गाऱ्हो भएको पाइन्छ। धेरै मानिसहरूले त्यस विषयबस्तुसँग तर्कबितर्क गर्दछन्। कतिले भन्छन् रोमी सरकारले एक जना यहूदीलाई क्रुसमा टाँगिनुभनेको त्यो स्थानीय घट्ना हो। त्यो अन्तराष्ट्रिय मामिला होइन तर क्रुसमा टाँगिएपछि पुनरुत्थान हुनुभएको यहूदी? त्यो त अर्कै कथा हुन आउँछ। तर येशूको पुनरुत्थानमाथि विश्वास गरिएन भने हामी इसाई आस्थाको कुनै अस्तित्व छैन। पावलले लेख्दछन् " १४ ख्रीष्ट नबिउँतनुभएको भए हामीले गरेको प्रचार र तिमीहरूको विश्वास पनि व्यर्थ हो। १५ योभन्दा बढी हामी परमेश्वरको बारेमा झूटो बोल्ने ठहरिन्छौं किनभने परमेश्वरले ख्रीष्टलाई बिउँताउनुभयो भनेर हामीले नै साक्षी दिएका छौं। तर मरेकाहरू नबिउँतने भए परमेश्वरले उहाँलाई बिउँताउनुहुने थिएन। १६ मरेकाहरू बिउँतदैनन् भने परमेश्वरले ख्रीष्टलाई पनि बिउँताउनुभएन। १७ ख्रीष्ट बिउँताइनुभएको होइन भने तिमीहरूको विश्वास पनि झूटो हो र तिमीहरू अझै आफ्नै पापमा छौ। १८ त्यसो हो भने ख्रीष्टमा विश्वास गरेर मर्नेहरू पनि सबै नष्ट भए। १९ ख्रीष्टमा हाम्रो आशा यस जीवनमा मात्र छ र यस जीवनपछि छैन भने हामी सबै मानिसहरूभन्दा कहालीलाग्दाहरू हुन्छौं।" १ कोरन्थी १५:१४-१९। येशूको मृत्युपछि उहाँको पुनरुत्थान हुनु जरुरी थियो। किनभने

**उहाँको पुनरुत्थानमा हामीहरू पनि पुनरुत्थान हुनेछौं भनेर प्रतिज्ञाको ग्यारेन्टी छ। जब येशूको पुनरुत्थानको कथामा आउँछौं तब हामीले दुईमा एक निर्णय गर्नुपर्ने हुन्छ। प्रथमतः यो कथा केवल केही जोशिलो र विरक्तभएको येशूकका केही चेलाहरूले भावविवह भएर लेखेका हुन्। आजका कुनै प्रख्यात मानिसहरूको देहान्त भएर हामी त्यसरी नै उनको सम्झना राख्दछौं। दोस्रोमा येशूको पुनरुत्थानको कथा एक सत्य कथा असाधारण कथा हो त्यसलाई ग्रहण गर्नुपर्छ। यस घट्नाले पछि प्रत्येक व्यक्ति जो यस संसारमा जन्मेको छ त्यसको भविष्य निर्धारण गर्दछ।**

खुशी हुनु भनेर येशूले आफ्ना चेलाहरूलाई किन भन्नुभयो? उहाँको प्रभु पुनरुत्थान हुनुभयोकोमा तिनीहरू खुशी हुनु स्वभाविकै हो। तर येशूको पुनरुत्थानमा आनन्दित हुनुको सत्य अर्थ के हो? हेर्नुहोस् मत्ती २८:१-१५ "१ विश्राम दिनको भोलिपल्ट आइतबार बिहान मिर्मिरे उज्यालोमा मरियम मग्दलिनी र अर्की मरियम येशूलाई राखिएको चिहान हेर्न गए। २ त्यस बेला एक्कासि ठूलो भूइँचालो गयो किनभने स्वर्गबाट प्रभु परमेश्वरका एउटा स्वर्गदूत आएर चिहानको ढुङ्गा पल्टाएर त्यसैमाथि बसे। ३ उनको अनुहार बिजुलीजस्तै चम्किलो र लुगा हिउँजस्तै सेता थिए। ४ पालेहरूचाहिँ डरले थरथर काँपेर भूइँमा लोटे र मरेका मानिसजस्तै भए। ५ तर स्वर्गदूतले ती स्त्रीहरूलाई भने, "नडराओ, मलाई थाहा छ, तिमीहरू क्रूसमा मारिनुभएको येशूलाई खोज्न आएका हौ। ६ तर हेर, येशू यहाँ हुनुहुन्न। आफूले भन्नुभएजस्तै उहाँ त मरेकोबाट बिउँतनुभएको छ। आएर प्रभुको लाश राखिएको ठाउँ हेर! ७ त्यसपछि छिटो गएर उहाँका चेलाहरूलाई 'प्रभु त मरेकोबाट बिउँतनुभएको छ। उहाँ तिमीहरूभन्दा अघि नै गालीलमा जाँदै हुनुहुन्छ, त्यहाँ तिमीहरूले उहाँलाई देख्नेछौ' भनेर खबर देओ! अब जाओ, मैले यति नै भन्नु छ।" ८ ती स्त्रीहरूलाई डर पनि भयो र एकदम खुसी पनि लाग्यो। तिनीहरू तुरुन्तै चिहानबाट निस्के र चेलाहरूलाई खबर दिन दगुरे। ९ येशूले तिनीहरूलाई एक्कासि भेटेर भन्नुभयो, "तिमीहरूलाई शान्ति होस्!" त्यतिखेर तिनीहरूले घोप्टो परेर उहाँको पाउ समाते। १० येशूले तिनीहरूलाई भन्नुभयो, "नडराओ, तिमीहरू गएर मेरा भाइहरूलाई गालीलमा जान भनिदेओ। त्यहीँ नै तिनीहरूले मलाई देख्नेछन्।"

११ ती स्त्रीहरू गइसकेपछि चिहानमा पहरा दिने केही सिपाहीहरू पनि सहरतिर गए र चिहानमा भएका सबै कुराहरू मुख्य पूजाहारीहरूलाई

सुनाए। १२ मुख्य पूजाहारीहरूले अरू अगुवाहरूसँग मिलेर “अब के गर्ने?” भनेर सल्लाह गरे अनि तिनीहरूले सिपाहीहरूलाई पैसा दिएर भने, १३ “तिमीहरूले ‘राती हामी निदाएको बेलामा येशूका चेलाहरूले आएर उसको लाश चोरेर लगेछन्’ भन्नू है। १४ रोमी बडा-हाकिमले सुनेछन् भने हामी उनिसँग कुरा मिलाउँछौं। तिमीहरूले यसको बारेमा केही चिन्ता गर्नुपर्दैन।” १५ ती पहरा दिनेहरूले पैसा लिएर मुख्य पूजाहारीहरूले सिकाएजस्तै भने। यो कुराचाहिँ यहूदीहरूको बीचमा अहिलेसम्म पनि फैलिरहेको छ।"

## ५. महान् आदेश (मत्ती २८:१६-१८)

**येशू स्वर्गमा फर्कनुभएको र सुसमाचार प्रचार गर्ने जिम्मेवारी मानिसहरूलाई सुम्पिएको कुरा धेरै मानिसहरूलाई बुझ्न गाऱ्हो भएको पाइन्छ। हामी आफैले कतिपटक उहाँलाई निराशमा पार्छौं? येशूको प्रारम्भिक अनुयायीहरू पनि त्यसमा पछि नपरेको भनेर सुसमाचारका पुस्तकहरूले बताउँछन्। यद्यपि, हामीलाई नै त्यो काम सुम्पिएकोले ख्रीष्टले उहाँको प्रेम हामीलाई देखाइएको र हामीहरूलाई उहाँको आवश्यकता भएको देखाउँछ।**

मत्ती २८:१६-१८को बिशेष गरेर “मलाई स्वर्ग र पृथ्वीको सबै अधिकार सुम्पिएको छ" भन्ने अभिव्यक्तिसँग दानिएल ७:१३,१४ पढ्नुहोस्। ती दुई पुस्तकका पदहरू एक आपस कसरी मिल्न आएको छ? हेर्नुहोस् मत्ती २८:१६-१८ “१६ एघार जना चेलाहरू येशूले जान भन्नुभएको गालीलको डाँडामा गए। १७ येशूलाई देख्नासाथ तिनीहरू उहाँको अगाडि घोप्टो परे। तैपनि तिनीहरूमध्ये कति चेलालाई त ‘येशू नै हो कि होइन’ भन्ने शङ्का लाग्यो। १८ तब येशू नजिक आएर तिनीहरूलाई भन्नुभयो, “हेर, स्वर्ग र पृथ्वीको सबै अधिकार मलाई दिइएको छ।" र दानिएल ७:१३,१४ “१३ रातको यस दर्शनमा मैले मानव पुत्रजस्तै एउटा रूप देखें। उनी आइरहेका थिए र उनलाई चारैपट्टि बादलले घेरेको थियो। उनी ती अमर जीवन भएको व्यक्तिकहाँ गए र उनको अघि हाजिर भए। १४ जाति-जाति र कुल-कुलका अनि विभिन्न भाषा बोल्नेहरू सबैले उनको सेवा गरून् भनी उनलाई अधिकार, आदर र राज्य-शक्ति दिइयो। उनको अधिकार सदाकाल रहनेछ र उनको राज्यको अन्त्य कहिल्यै हुनेछैन।"

मत्ति २८:१९,२०मा यस सुसमाचार पुस्तकको अन्तिम पदहरू कोरिएका छन्। येशूले के भन्नुहुन्छ? हामीहरूको जीवनमा ती वचनहरूलाई कसरी लागु गराउने? हेर्नुहोस् “१९ अब तिमीहरू गएर सबै मानिसहरूलाई

मेरा चेलाहरू बनाओ। तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ। २० तिनीहरूलाई मैले आज्ञा गरेका सबै कुराहरू मान्न सिकाओ। अनि हेर, म सधैँभरि, अँ संसारको आखिरी दिनसम्मै तिमीहरूसँगै रहनेछु।"

उपरोक्त सुसमाचार सुनाउने आदेश येशूले दिनुभएको समयमा कमसेकम ५०० विश्वासीहरू जम्मा भएका थिए भनेर एलेन जी ह्वाइटले उल्लेख गर्दछिन् (१ कोरन्थी १५:६ हेर्नुहोस्)। येशूले दिनुभएको त्यस महान् आज्ञा केवल चेलाहरूको निम्तिमात्र थिएन तर सबै विश्वासीहरूको निम्ति पनि थियो। " मानिसहरूलाई येशूतिर ल्याउने काम केवल अभिषेक गरिएका पास्टर वा प्रचारकहरूको मात्र काम हो (वा मिशनको कर्मचारीको मात्र हो) भन्ने विश्वास अत्यन्त गम्भिर गलत विश्वास हो। येशूका सबै अनुयायीहरू जसमाथि पवित्र आत्मा आएको छ तिनीहरूलाई सुसमाचार सारा संसारमा लैजान जिम्मेवारी दिइएको छ। सबै जना जसले ख्रीष्टको जीवनलाई ग्रहण गरेका छन् तिनीहरूका मित्रहरूलाई मुक्तिको सन्देश सुनाउन अभिषेक गरिएको छ। त्यही कामको निम्ति चर्च संगठित भएको थियो। प्रत्येक व्यक्ति जसले अनन्त जीवनको पवित्र प्रतिज्ञा पाएको छ, परमेश्वरको लक्ष्य र काममा हिँड्न प्रण गरेको छ त्यो व्यक्ति ख्रीष्टको सहकर्मी हो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ८२२बाट रूपान्तरित।

के तपाईं ख्रीष्टको सहकर्मी भएर काम गरिरहनुभएको छ भनेर कहिलै सोच्नुभएको छ? तपाईंको संसारमा सुसमाचार फैलाउन तपाईंले के सक्रिए भूमिका खेल्न सक्नुहुन्छ?

## उपसंहार:

सुसमाचारका अरू लेखेकहरूले जस्तै मत्तीले पनि येशूको पुनरुत्थानको बारेमा लेख्छन्। उनका सहलेखकहरूले जस्तै उनले पनि येशूको पुनरुत्थानको अर्थ कमै लेख्दछन्। इसाई आस्थाको निम्ति अत्यन्त महत्त्वपूर्ण भएतापनि, मत्ती, मर्कूस, लुका र यूहन्नाले येशूको पुनरुत्थानको बारेमा चित्रण त गर्छन् तर त्यसको वास्तविक व्याख्या तिनीहरूले गर्दैनन्। क्रुसको विस्तृत र एकदम अर्थपूर्ण व्याख्या पावलका लेखहरूमा गरेको पाइन्छ। उनले लेख्दछन्, "२० वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ। २१ किनकि जसरी मानिसबाट मृत्यु आयो, त्यसरी नै मृतकहरूको पुनरुत्थान पनि मानिसबाट नै आयो। २२ किनकि

जसरी आदममा सबै मर्दछन्, त्यसै गरी ख्रीष्टमा सबै जीवित पारिनेछन्। २३ तर हरेक आ-आफ्नै क्रमअनुसार– ख्रीष्टचाहिँ अगौटे फल, त्यसपछि उहाँको पुनरागमनमा ख्रीष्टका आफ्नैहरू। २४ तब अन्त्य आउनेछ, जब उहाँले हरेक शासन, हरेक अख्तियार र शक्ति नष्ट पारेर परमेश्वर, अर्थात् पितालाई राज्य सुम्पिदिनुहुनेछ। २५ किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ।" (१ कोरन्थी १५:२०-२५)। उनले यो पनि लेख्दछन्, "जब तिमीहरूले बप्तिस्मा लियौ तब तिमीहरू उहाँसँग गाडिएका थियौ। मरेकाहरूबाट उहाँलाई जीवित पार्नुहुने परमेश्वरको शक्तिमा विश्वास राख्नाले यही बप्तिस्मामा तिमीहरू पनि उहाँसँगै जीवित पारियौ।" (कलस्सी २:१२)। पत्रुसले पनि यस उल्लेखनीय बिषयको बारेमा लेख्दछन्, "२१ यही पानी बप्तिस्माको एउटा रूप हो, जसले तिमीहरूलाई बचाउँछ। यो शरीरको मैला हटाएजस्तो होइन, तर शुद्ध विवेकको निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा हो। यसले मृतकबाट भएको येशू ख्रीष्टको पुनरुत्थानद्वारा तिमीहरूलाई बचाउँदछ। २२ उहाँ स्वर्गमा जानुभयो र स्वर्गदूतहरू, अधिकारहरू र शक्तिहरूलाई वशमा पारी परमेश्वरको दाहिने बाहुलीपट्टि विराजमान हुनुहुन्छ।" १ पत्रुस ३:२१-२२। सुसमाचार पुस्तकका लेखकहरूले येशूको पुनरुत्थानको अर्थको बारेमा किन विस्तृत व्याख्या गरेनन् सो हामीलाई थाहा छैन। तर सुसमाचारका कथाहरू सत्य छन् भनेर त्यसले प्रमाणित गर्दछन् भनेर बाइबलका कतिपय विद्वानहरूले भन्दछन्। सुसमाचारका ती लेखकहरूले येशूको जीवनी धेरै वर्षपछि लेखेका थिए, तर तिनीहरूले उहाँको पुनरुत्थानको बारेमा किन विस्तृत व्याख्या गरेनन् भन्ने कुरा सोच्नु जरुरी छ। यदि उहाँको पुनरुत्थान काल्पनिक भएको भए ती लेखकहरूले त्यसलाई पुष्टि गर्न र त्यसको अर्थको व्याख्या गर्न तिनीहरूले किन त्यो अवसर प्रयोग गरेनन्? तर तिनीहरूले केवल येशूको बारेमा सरलतापूर्वक कथामात्र लेखे। येशूको पुनरुत्थानको अर्थको बारेमा बढि व्याख्या गरेर तिनीहरूले त्यसको प्रमाणित गर्न प्रयत्न नगरेका थिए।

**चिन्तनमनन:**

अ. जब क्रुसमा चित्कार गरेर येशू मर्नुभयो तब त्यसबेला यरुशलेमको पवित्र मन्दिरको पर्दा माथिदेखि तलसम्म दुई फ्याकमा च्यातेका थियो। त्यसबेला नयाँ करारको स्थापना भयो र नयाँ मूल पुजारी येशू ख्रीष्टलाई भित्र्याइएको थियो। पावलले लेख्दछन्, "१९ यसकारण भाइ हो, येशूको रगतद्वारा महापवित्र स्थानमा प्रवेश गर्ने साहस

हामीलाई हुन्छ। २० हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा, अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं। २१ परमेश्वरको घरानामा हाम्रा एक जना महान् पूजाहारी हुनुभएको हुनाले, २२ हाम्रा हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं। २३ हामीले दृढ़ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलोसँग थामिराखौं, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ। २४ हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं। २५ कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं। तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ।" हिब्रू १०:१९-२५। येशू ख्रीष्ट आफै अब हामीहरूको निम्ति मूल पुजारी हुनुभएको छ भनेर बुझ्दा तपाईंलाई कस्तो महसुस हुन्छ?

आ. मत्तीले धेरै विषयवस्तुहरूलाई समेतेर आफ्नो पुस्तक लेख्दछन्। मत्तीले येशूको बारेमा लेखेको कुरामा तपाईंलाई कुनचाहीँले प्रभावित पारेको छ? यो सुसमाचारको पुस्तक पढेर तपाईं असल इसाई हुन र येशूको शिक्षादीक्षामा लाग्न अझ राम्रो आत्मज्ञान कसरी हासिल गर्ने?